☎ ०९७-५४११३४
फ्याक्स नं. ०९७-५४१०२४

नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
# जिल्ला विकास समितिको कार्यालय
मार्तडी,बाजुरा

प.सं. :-२०७३।०७४ (योजना)
च. नं.

मिति :- २०७३/०८/२६

विषय: आ.व. २०७४।०७५ को बजेट सिलिङ (सिमा) र मार्गदर्शन पठाइएको बारे ।

श्री कार्यकारी अधिकृतज्यू
श्री बडिमालिका नगरपालिका कार्यालय मार्तडी,बाजुरा

o/c

श्री गा.वि.स. सचिवज्यू
गाउँ विकास समितिको कार्यालय २४
श्री गा.वि.स.को कार्यालय डोगडी, बाजुरा ।

उपर्युक्त सम्बन्धमा, स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा १९७(४) र स्थानीय स्वायत्त शासन नियमावली २०५६को नियम १९९(१) को खण्ड (क) बमोजिम साथै स्थानीय निकाय स्रोत परिचालन तथा कार्यविधि २०६९ को बुँदा नं. २० बमोजिम मिति २०७३।८।२४ गते पूर्व योजना तर्जुमा गोष्ठी सम्पन्न गरी नेपाल सरकार , संङ्घिय मामिला तथा स्थानीय विकास मन्त्रालय मार्फत राष्ट्रिय योजना आयोगको सचिवालय काठमाण्डौबाट आव २०७४।०७५ को लागि बजेट सिमा ( सिलिङ ) र मार्गदर्शन साथै संङ्घिय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट आ.व. २०७४।०७५ को लागि प्राप्त बजेट सिलिङ (सिमा) र मार्गदर्शन समेत लाई अध्ययन विश्लेषण विचार गरी जिल्लाको भौगोलिक अवस्था स्थानीय आवश्यकता, जिल्लाको आवधिक योजना, गाउँ विकास योजना, जिल्ला र गा.वि.स.को आवधिक योजना जिल्ला का विभिन्न क्षेत्रगत योजना आदि समेतलाई दृष्टिगत गरी साथै मिति २०७४।८।२४ गते को पूर्वयोजना तर्जुमा गोष्ठीबाट प्राप्त सुझाउ समेतलाई समावेश गरी देहाय अनुसार आ.व. २०७४।०७५ को बजेट सिमा(सिलिङ) र मार्गदर्शन पठाएको व्यहोरा जानकारीको लागि अनुरोध गरिन्छ । देहायको बजेट सिलिङ र मार्गदर्शनलाई पूर्ण पालना गरी आ.व. २०७४।०७५ को सहभागितात्मक गाउँ विकास योजना तर्जुमाका सबै चरणहरु र प्रक्रिया पुरा गरी योजना तर्जुमा गर्न हुन समेत अनुरोध छ ।

१. आ.व. २०७४/०७५ को गा.वि.स.को बजेट सिमा (सिलिङ) सम्बन्धमा
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय सिंहदरवार काठमाण्डौं को प.स. २०७३/०७४ च.नं. २६५ मिति २०७३।८।१२ को पत्र मार्फत नेपाल सरकार राष्ट्रिय योजना आयोगको सचिवालय सिंहदरवार काठमाण्डौको च.नं. ५७, मिति २०७३।७।२९ को पत्राबाट र साथै सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय सिंहदरवार काठमाण्डौं च.नं.२६५, मिति २०७३।८।१२ को पत्रबाट प्राप्त आ.व. २०७४/०७५ जिल्ला स्तरीय एकमुष्ठ बजेट सीमा (सिलिङ) अनुसार त्यस गा.बि.स.को आ.व. २०७४/०७५ को लागि चालु प्रशासनिक खर्चको बजेट सीमा (सिलिङ) रु ५,४५,०००/- र पूँजीगत तर्फको बजेट सीमा (सिलिङ) रु ३७,९८,००० कार्यक्रम गरी बजेट सीमा (सिलिङ) तोकी पठाइएको छ । यसमा त्यस गा.वि.स. को आ.व.२०७४/०७५ को आन्तरिक स्रोत र न्यूनतम शर्त तथा कार्यसम्पादन मापनमा उत्तीर्ण भइ अनुदानमा थप घट हुन सक्ने अवस्थालाई समेत दृष्टिगत गरी आ.व. २०७४/०७५ को बजेट तथा कार्यक्रम गाउँ परिषद्बाट स्वीकृत गरी सोही अनुसार आ.व. २०७४/०७५ को वार्षिक गाउँ विकास योजनामा समावेश गर्न हुन ।

क. समष्टिगत मार्गदर्शन :

१. चौधौ योजनाको लक्ष्य, उद्देश्य र रणनीतिहरुको कार्यान्वयनमा प्रत्यक्ष योगदान पुग्ने गरी जिल्लास्तरीय वार्षिक विकास कार्यक्रम तर्जुमा गर्ने । साथै सो योजनाको प्रादेशिक तथा स्थानीय पूर्वाधार (५.५) र संघीयता तथा स्थानीय स्वायत्त शासन (७.२.१) कार्यान्वयनमा प्राथमिकता दिने ।
२. कार्यक्रम तर्जुमा दिगो विकासका लक्ष्यहरु (SDGs) का सम्विन्धित लक्ष्यहरु हासिल गर्न सहयोग पुग्ने किसिमका कार्यक्रमलाई प्राथमिकता दिने ।